जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको
[illegible] गौरा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैठक नं. २०

आज मिति २०८२ साल जेठ २२ गते बिहीबारका दिन दिउँसो ४:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

१९. श्री सन्तराम कठरिया - प्रशासन शाखा प्रमुख
२०. श्री हिरेवा माझी, लेखा अधिकृत
२१. श्री योगेन्द्र शाही, इन्जिनियर
२२. श्री लोकनाथ उपाध्याय, सब-इन्जिनियर
२३. श्री नेत्र प्रसाद जोशी, वन, वातावरण तथा [illegible] शाखा प्रमुख
२४. श्री अभिषेक कठरिया थरिङ् कं० अ०

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वियन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वियन समीक्षा गर्दा निर्णय कार्यान्वियनको अवस्था सन्तोषजनक पाईयो ।

प्रस्ताव नं. २ :- आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमहरूको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदनको समीक्षा गरियो र अनुगमनको क्रममा फेला परेका समस्या, कमजोरी तथा सुधारका सुझावहरु सहित आयोजना/कार्यक्रम कार्यान्वियन गर्ने पक्षलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ :- आ.व. २०८२/०८३ को बजेट सिलिङ्ग सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व. २०८२/०८३ को अनुमानित आय-व्ययको विवरणलाई मध्येनजर गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको शाखागत र वडागत बजेट सिलिङ्ग उपर छलफल गरियो र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले सिफारिस गरेको बजेट सीमा गाउँपालिकाका शाखा र वडाहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- विषयगत समितिहरुले सामना गरिरहेका चुनौतीहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाका विषयगत समितिहरुले कार्यसम्पादनको क्रममा सामना गरेका समस्या र चुनौतीहरुको बारेमा छलफल गरियो र कार्यसम्पादन सहज बनाउन आवश्यक सुझाव दिईयो ।

प्रस्ताव नं. ५ :- सामुदायिक वन उपभोक्ता समूह नविकरण सिफारिस सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले सामुदायिक वन उपभोक्ता समूहको वार्षिक आम्दानीबाट नियमानुसार गाउँपालिकालाई बुझाउनु पर्ने राजस्व बुझाए पश्चात मात्र नविकरण सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ :- विपद् स्वयंसेवक आधारभुत तालिम संचालन सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बर्षको मनसुनलाई मध्यनजर गर्दै जानकी गाउँपालिकाको आयोजनामा १५ दिने विपद् स्वयंसेवक आधारभुत तालिम संचालन गर्ने र तालिममा लाग्ने खर्च रकम स्थानीय प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- श्रेस्ता व्यवस्थापनका लागि फर्निचर सहयोग सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा नापी कार्यालय टीकापुर, कैलालीको प.सं. २०८१/०८२, च.नं. १३४२, मिति २०८१।१२।२८ गतेको प्राप्त पत्र अनुसार कार्यालयको श्रेस्ताहरुलाई सुरक्षित राख्न र व्यवस्थापन गर्न आवश्यक सामाग्रीहरु माग हुन आएकोले श्रेस्ता व्यवस्थापनका लागि रकम रु. ५०,०००।– (अक्षेरुपी पचास हजार मात्र ।) बराबरको फर्निचर उपलब्ध गराउने निर्णय गरियो ।

२०८२.०१.२२

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।२२

गणेश चौधरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. ८ :- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको विवरण प्रमाणीकरण सम्बन्धमा ।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिका मार्फत आयोगमा निवेदन पेश गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको सम्बन्धमा ९ वटै वडा मार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-७ र ७(क) बमोजिम हक दाबी र उजुर बाजुरका लागि सार्वजनिक सूचना प्रकाशन भएको र उक्त सूचनाको म्यादभित्र कुनै किसिमको दाबी बिरोध वा उजुर बाजुर नपरेको भनि वडा समितिहरुबाट निर्णय भई प्राप्त भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तपसिल बमोजिमको विवरण प्रमाणीकरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

<u>तपसिल :</u>

| वडा नं. | भूमिहीन दलित परिवार संख्या | भूमिहीन सुकुम्बासी परिवार संख्या | अव्यवस्थित बसोबासी परिवार संख्या | जम्मा परिवार संख्या |
|---|---|---|---|---|
| १ | १७ | १५२ | २५४ | ४२३ |
| २ | २२ | ११९ | ४४४ | ५८५ |
| ३ | ६ | ७० | १८२ | २५८ |
| ४ | १८ | १९९ | ३९९ | ६१६ |
| ६ | १६ | २५५ | ३३६ | ६०७ |
| ६ | ३९ | ३६ | १७५ | २५० |
| ७ | ८१ | ३२७ | ४९९ | ९०७ |
| ८ | १०० | १९६ | ४८९ | ७८५ |
| ९ | १९१ | ७५ | ४७८ | ७४४ |
| **जम्मा संख्या** | ४९० | १४२९ | ३२५६ | ५१७५ |

**प्रस्ताव नं. ९ :- बालमैत्री स्थानीय शासन कार्यक्रम (CFLG) का लागि दलित महिला अधिकार मञ्च धनगढी, कैलालीवाट प्राप्त हुने सहयोग रकम सम्वन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानलाई सफल वनाउन एवं संघ सरकारले वि.सं. २०८७ सम्म सवै स्थानीय तहलाई बालमैत्री बनाउने लिएको लक्ष्यलाई सफल/सार्थक वनाउन बालअधिकार सुनिश्चित हुने गरी स्थानीय तहको नीति, योजना, कार्यक्रम, कार्यप्रकृया र संरचनामा बालबालिकाका सवालहरुलाई मुलप्रवाहीकरण गर्नुपर्ने आवश्यकता रहेको छ । सो सन्दर्भमा यस गाउँपालिकाले पनि वि.सं.२०८३ माघ मसान्त सम्ममा यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणा गर्ने कार्यको थालनी गरेकोमा यस गाउँपालिकाको कार्ययोजना अनुरुप विविध कार्यक्रम कृयाकलापहरु सञ्चालन गरिरहेकोमा उपरोक्त कार्यक्रम कृयाकलापहरुमा टेवा पुर्याउन दलित महिला अधिकार मञ्च धनगढी, कैलालीवाट प्राप्त हुने सहयोग रकम रु १,५०,०००।- (अक्षेरुपी एक लाख पचास हजार मात्र) स्वीकार गर्ने र उक्त रकम CFLG अभियानको तपसीलको कृयाकलापहरुमा खर्च गर्ने गराउने निर्णय गरियो ।

<u>तपसिल:</u>

१. बालमैत्री आचारसंहिता छपाइ कार्य ।

२. बालमैत्री स्थानीय शासन अध्ययन फ्लेक्स टाँसका लागि सामाग्री छपाउने कार्य ।

२२.०७.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०७।२२
गणेश चौधरी
अध्यक्ष

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १० :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वियन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु तथा पुँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वियनको प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वियन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संशोधित आयोजनामा रकमान्तर गरिएको रकम रु. | संशोधित आयोजनामा विनियोजित जम्मा रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | निजी क्षेत्रसँगको कार्यमा साझेदारी | १०,००,०००।- | १. | विद्यालयलाई सूचना तथा संचार प्रविधि सामाग्री सहयोग | जानकी गाउँपालिका | १०,००,०००।- | १०,००,०००।- | सोझै खरिद | - | सेवक नेपालको साझेदारीमा |
| २. | पदाधिकारीको अन्य सुविधा | १,००,००,०००।- | २. | सवारी साधन मर्मत खर्च | जानकी गाउँपालिका | १०,००,०००। | २०,००,०००।- | कार्यालय | १०,००,०००। | |
| ३. | पानी तथा विजुली | ३५,००,०००।- | | | | ५,००,०००।- | | | ३०,००,०००। | |
| ४ | बिमा तथा नविकरण | १०,००,०००।- | | | | ५,००,०००।- | | | ५,००,०००।- | |
| ५. | बालविवाह अन्त्यका लागि स्थानीय कार्यविधि/रणनीति निर्माण र गोष्ठी संचालन कार्यक्रम | ५०,०००।- | ३. | शारिरीक अपांगता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक तथा बालबालिकाको पहिचान, उपचार, पुर्नस्थापना, सामाजिकीकर, व्यवस्थापन एवम् मुलप्रवाहीकरण सहायक सामाग्री तापजाँच खरिद र वितरण कार्यक्रम | जानकी गाउँपालिका | ५०,०००।- | २,००,०००।- | कार्यालय | - | |
| ६. | बाल विवाह अन्त्य र लागु पदार्थ दुर्व्यसन न्यूनीकरणका लागि समुदाय र विद्यालय स्तरमा सचेतनामूलक कार्यक्रम | १,५०,०००।- | | | | १,५०,०००।- | | | - | |
| ७. | थारु साँस्कृतिक कार्यक्रम | ८०,०००।- | ४. | थारु साँस्कृतिक नाच संरक्षण तथा प्रवर्द्धनका लागि मादल वितरण | जानकी-६ | ८०,०००।- | ८०,०००।- | कार्यालय सोझै खरिद | - | वडा नं. ६ को आयोजना |
| ८. | पथरैया स्वास्थ्य चौकीको पछाडी ढल निकास तथा पर्खाल | १,३०,०००।- | ५. | थारु संग्रहालय (सामुदायिक) भवन प्लाष्टर र रंगरोगन | जानकी-८ | १,३०,०००।- | १,८०,०००।- | सोझै खरिद | - | वडा नं. ८ को आयोजना |
| ९. | जवलपुर सुन्दरपुरको पूर्व पट्टी सार्वजनिक जग्गामा काँडेतार | ५०,०००।- | | | | ५०,०००।- | | | - | |
| १० | कञ्चनपुर लौकहवा मन्दिरमा घेरबार | १,५०,०००।- | ६. | कञ्चनपुर मरुवाको प्राङ्गणमा माटो पटानी | जानकी-४ | १,५०,०००।- | १,५०,०००।- | कार्यालय | - | ४ नं. वडाको कार्यक्रम |
| ११ | विपद् पिडितहरुलाई तत्काल राहत/भैपरी आउने खर्च | ५०,०००।- | ७. | विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | जानकी-७ | ५०,०००।- | ५०,०००।- | कार्यालय | - | ७ नं. वडाको कार्यक्रम |

२२-०२-२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०२/२२
गणेश चौधरी
अध्यक्ष

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संशोधित आयोजनामा रकमान्तर गरिएको रकम रु. | संसोधित आयोजनामा विनियोजित जम्मा रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १२ | पदाधिकारी बैठक भत्ता | १५,००,०००।- | ८. | जानकी-२ मा मोहन्याल मन्दिर निर्माण | जानकी गाउँपालिका | २,००,०००।- | २,००,०००।- | कार्यालय | १३,००,०००। | |
| १३ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,००,०००।- | ९. | कन्चनपुर केवालाल कठरिया घर अगाडी सिंचाई कुलामा पक्की ढुँड निर्माण | जानकी गाउँपालिका | ३,००,०००।- | ३,००,०००।- | कार्यालय | २,००,०००।- | |

८१.०७.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०७।२२
गणेश चौधरी
अध्यक्ष